नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
कार्तिक/मंसीर २०७४ (November 2017) वर्ष २१/अङ्क २४८

## ६० औं वर्ष पुग्यौं, एबेनेजरको ढुङ्गा गाडौं र अघि बढौं

- पाष्टर राजेन्द्र रोंगोंग

६० वर्ष अघि डिल्ली बजार स्थित डेरामा डिल्ली बजार मण्डली, पछि ज्ञानेश्वर र हाल नेपाली इसाई मण्डली स्थापना भयो। आदरणीय पाष्टर रोबर्ट गुरुबाको अगुवाइमा १५/१६ जना विश्वासीहरूसहित पहिलो सेवा शुरू भयो। त्यसपछि प्रायः सात विभिन्न ठाउँमा डेरा सर्नुपर्ने भएअनुसार मण्डली पनि सँग सँगै सर्दै गयो। अन्त्यमा ज्ञानेश्वरमा आफ्नै भवन बनेपछि एउटै स्थानमा स्थायी रूपमा आराधना सेवा गर्दै आएका छौं।

वि.सं. २०१७ पुष १ देखि देशमा पञ्चायत शासन शुरू भयो। यो शासन निकै कष्टकर थियो तर त्यसै बेलादेखि मण्डली वृद्धि हुन थाल्यो। परमप्रभु परमेश्वरको अनुग्रह र अगुवाइमा नेइमको स्थिति यस प्रकारका छन् : हाल नेइमका २५ जिल्लामा १२७ वटा शाखा आबद्ध मण्डलीहरू रहेका छन्। त्यसैगरी स्थानीय मण्डलीका आउटरीच संगतिहरू २० वटा रहेका छन्। हाल उपत्यका र आसपासमा गरी १६ वटा मण्डलीहरू रहेका छन्। यसरी नेपालभरि जम्मा नेइमका मण्डलीहरूको संख्या १६३ रहेको छ। त्यसैगरी नेइमका मिशनेरीहरूले नेपालभन्दा बाहिर शुरू गरेका मण्डली तथा संगतिहरू भारतको पूर्वोत्तरमा ६, गढवालमा २, मुम्बईमा १, पूनेमा ३, बैंगलोरमा ४ गरी जम्मा १६ वटा रहेका छन्। हाल भारतमा ५ परिवार मिशनेरीको रूपमा हुनुहुन्छ भने यूरोपमा १ परिवार मिशनेरी कार्यरत हुनुहुन्छ। नेइमका मिशनेरीहरूको जम्मा संख्या ६ परिवार रहेको छ। यसरी हेर्दा नेइम नेपालभरि ३३ वटा जिल्लामा पुगेको छ र हाल रहेको ७ वटै प्रदेशमा नेइम पुगेको छ। उपत्यका भित्र र बाहिर गरी नेइमका जम्मा विश्वासीहरूको संख्या नेपालमा करिब २० हजार जति रहेको अनुमान छ।

मिशनको क्षेत्रमा हाल नेइमले मण्डली स्थापना गर्ने, अगुवाहरू तयार गर्ने, अगुवाहरूलाई तयार गर्ने, अगुवाहरूलाई सबल बनाउने, आवश्यक शिक्षा तथा तालिम उपलब्ध गराउने, स्थापना भएका मण्डलीहरूलाई विविध प्रकारले सहयोग गर्ने, मिशनेरीहरू पठाउने, विभिन्न मण्डलीहरूसँग मिशन सम्बन्धी काममा सहकार्य गर्ने स्थानीय मण्डलीका वरपरको समुदायलाई हित हुने सामाजिक कार्यमा सहयोग पुऱ्याउने आदि कार्यहरू गरिरहेको छ।

### अब के गर्ने ?

सबैभन्दा पहिले त गत समयहरूमा परमप्रभु परमेश्वरले हामीलाई अगुवाइ, सुरक्षा र सहायता गर्नुभएकोमा एबेनेजरको ढुङ्गारूपी स्मारक खडा गर्ने (१ शमूएल ७:१२) अनि लक्ष्यतिर अघि बढ्नेः "मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरूलाई पक्रनको लागि म अघि बढिरहेको छु जुन कुराको निम्ति खीष्टले मलाई पक्रनुभयो। भाइ हो, मैले यी सबै पक्रिसकेको छु भनी म ठान्दिनँ, तर एउटा काम म गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर अगाडितिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाउने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अघि बढ्दछु (फिलिप्पी ३:१२-१४)।

नेइमलाई अब अझ अघि बढ्नुपर्नेछ। धर्मशास्त्रअनुसार हामी प्रत्येक विश्वासीलाई व्यक्तिगत रूपमा र विश्वासीको समूहलाई खीष्टले पक्रनुभएको छ। अर्को सरल भाषामा भन्ने हो भने उहाँले हामीलाई दिनुभएको काम हामीले उहाँले इच्छा गर्नुभएजस्तै गर्दै जानुपर्नेछ।

हामीलाई परमेश्वरले नयाँ कुराहरू देखाउनुभएको छ। अघि मण्डलीले वचनको सुसमाचारमा मात्र प्रायः केन्द्रित थियौं भने अहिले पूर्ण सुसमाचार वा पूर्ण जीवन सुसमाचार (whole - Life Gospel) बारे बताउँदै आएका छौं। १ थेसलोनिकी ५:२३ मा लेखिएअनुसार, "शान्तिका परमेश्वर आफैंले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा बनाऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू खीष्टको आगमनमा निष्कलङ्क रहून्।" यसअनुसार मानिस शरीर मात्र नभई आत्मा, प्राण (मन अथवा विचार, इच्छा र संवेदन) पनि हो। कसैले भनेका छन्-'म आत्मा हुँ, मेरो प्राण छ र म शरीरमा बस्दछु।'

यसैकारण हामीलाई दिनुभएको सुसमाचार आत्माको लागि मात्र नभएर सम्पूर्ण व्यक्तिको लागि हो भनी बुझाउनलाई पूर्ण जीवन सुसमाचार भनिएको हो। यस कुरालाई ध्यानमा राखी अब नेइम अघि बढ्नुपर्नेछ। पूर्ण-जीवन सुसमाचारले परमेश्वरको कामको अर्थलाई फराकिलो पार्छ। यो अर्थअनुसार मण्डली (चर्च) को काम जस्तै पाष्टर, प्रचारक, पूर्णकालिन सेवा तथा मण्डलीसित सम्बन्धित काम मात्र परमेश्वरको काम हो र अन्य विभिन्न कार्यालयका कामहरू, शिक्षा, कृषि, व्यापार, स्वास्थ्य, सरकारी कार्यालयहरू तथा अरूहरूकहाँ गर्ने नोकरी, सफाइ गर्ने आदि सबै काम पनि परमेश्वरले दिनुभएका कामहरू हुन्। यी विभिन्न काम गर्ने परमेश्वरका छोरा/छोरीहरूले उहाँलाई खुशी पार्ने इच्छाले काम गर्नुपर्दछ। जहाँ परमेश्वरका छोरा/छोरी छन् त्यहीँ नै परमेश्वरको उपस्थिति पनि हुन्छ अनि उहाँका प्रत्येक छोरा/छोरीसित परमेश्वरको आत्मा हुनुहुन्छ। उहाँले उनीहरूका

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २५** November 11 | पाष्टर सामुएल कार्थक एल्डर सामुएल क्षेत्री | श्री सरुष मान तामाङ्ग | डीकन बागमान तामाङ्ग | पाष्टर बासिल दिसुजा | एल्डर रूबेन श्रेष्ठ | एल्डर गोपाल शर्मा | पाष्टर दफ्तन सादा |
| **मंसीर २** November 18 | पाष्टर अब्राहाम श्रेष्ठ पाष्टर सामुएल कार्थक | एल्डर मान बहादुर मगर | पाष्टर अशोक मुखिया | एल्डर सीता गुरूङ्ग | डीकन सिमोन भण्डारी | एल्डर सिमोन पाठक | श्री प्रकाश शर्मा |
| **मंसीर ९** November 25 | एल्डर सिमोन पाठक | एल्डर पूर्ण सुनुवार | गेष्ट स्पिकर | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन बाबु राम के.सी. | संयुक्त सेवा ललितपुर चर्च |
| **मंसीर १६** December 2 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | श्री गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

काममा अगुवाइ गर्नुहुन्छ । यो प्रभुको काम हो सांसारिकको अर्थ छैन । जुन काम उहाँले हामीलाई दिनुभएको छ सो स्थानमा रहेर उहाँलाई खुशी पार्ने हिसाबले काम गर्दै गयौं भने आफ्ना मण्डली र समाजलाई पनि सेवा पुऱ्याउन सक्छौं ।

प्रभु येशूले सिकाउनुभएको प्रार्थना "... तपाईंको राज्य आओस्" यही आज्ञा पालन अर्थात् उहाँले सिकाउनु र चाहनुभएअनुसार काम गरेर पूरा हुनेछ ।

मण्डली ठूलो हुँदै गयो । सबै काम सँगै एकै ठाउँमा गर्नुपर्छ भन्ने कुरा सम्भव छैन । यसकारण नेइमको आधारभूत विश्वासमा एकत्व हुनुपर्छ । मिशन, धापासी, मिडिया, मेरी गुरुआमा प्रतिष्ठान, कानूनसम्बन्धी कुराहरूमा सबैको पूर्ण सहभागिता आवश्यक छ भने अर्कातिर परिस्थितिअनुसार स्थानीय मण्डलीहरूले नै काम गर्नुपर्नेछ । मण्डलीको निमित्त अर्को तड्कारो आवश्यक्ताअनुसार ईश्वर विज्ञान अध्ययन गरेका यस सम्बन्धी तालिम पाएका परमेश्वरको बोलावट पाएका र विभिन्न ठाउँहरूमा सेवकाइ पुऱ्याउन सक्ने सेवकहरूको आवश्यक्ता छ । आवश्यक्ता यतिमा मात्र सीमित छैनन् ।

यसर्थ परमेश्वरसित प्रार्थना गरौं, अगुवाइ मागौं, सुनौं र त्यसअनुसार काम गर्दै अघि बढौं ।

## हार्दिक बधाई



आश्विन २२ गते/अक्टोबर ८ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **आशिष आचार्य** र क्वाइनोनियाँ मण्डली, कोटेश्वरकी सदस्य सुश्री **शीतल घिमिरे**को क्वाइनोनियाँ मण्डलीको शाखा बी.आई.सी. मण्डली विराटनगरमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आशिष र शीतल आचार्य**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## नोभेम्बर महिनाको कार्यक्रम

कार्तिक २२-२४ गते/नोभेम्बर ८-१० तारिख बुधबारदेखि शुक्रबारसम्म **स्कूल अफ् मिनिष्ट्रीको तालिम**, कार्तिक २८ गते/नोभेम्बर १४ तारिख मंगलबार **असल अभिभावकत्व भन्ने विषयमा तालिम**, कार्तिक २९ गते/नोभेम्बर १५ तारिख बुधबार बिहान ९:०० बजे **नेइम परिषद्को विशेष् भेटघाट** नेइम गोंगबू मण्डलीमा ।

मंसीर १ गते/नोभेम्बर १७ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

## जानकारी

२०७४ आश्विन ६ गते/सेप्टेम्बर २२, २०१७ शुक्रबार बसेको नेइम धापासी समितिको बैठकले नेइम कार्यकारिणीको निर्णयअनुसार धापासी विश्रामस्थलमा दफन गरेको ठाउँमा अबदेखि कुनै पनि स्लाब नराखिने जानकारी गराइन्छ ।

नेइम धापासी समिति

## विशेष् अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष् अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **साँखु** | **गोंगबूँ** | **धापासी** | **भंगाल** |
| **कार्तिक २५** November 11 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री संजय राई |
| **मंसीर २** November 18 | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | पाष्टर बर्णबास श्रेष्ठ | श्री गोपाल रानामगर | डीकनेस् नविना लिम्बू |
| **मंसीर ९** November 25 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | श्री कृष्ण तामाङ्ग | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर सामुएल कार्थक | एल्डर राजु श्रेष्ठ | श्री डिल्ली बहादुर राई |
| **मंसीर १६** December 2 | पाष्टर प्रेम श्रेष्ठ | डीकन पासाङ्ग तामाङ्ग | डीकन पेशल राई | श्री कृष्ण तामाङ्ग | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा धापासी चर्च |

# विशेष् प्रार्थना

१. मंसीर १० गते/ नोभेम्बर २६ तारिख आइतबार साथै मंसीर २१ गते/डिसेम्बर ७ तारिख बिहीबार हुन गइरहेको चुनावको लागि प्रार्थना गरिदिऔं ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागिपर्न सकून् ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

४. सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

५. संसारभर रेडियो, टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

६. पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

७. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

८. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

९. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. नेइमअन्तर्गतका मण्डलीहरूका निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैंया पैसा जुट्न सकून् भनी प्रार्थना गरिदिऔं ।

# जानकारी

भाद्र ३१ गते/सेप्टेम्बर १६ तारिख शनिबार नेइम गोंगबूँ चर्चमा १४ जना विश्वासीहरूको समर्पण भयो ।

कार्तिक ४ गते/अक्टोबर २१ तारिख शनिबार नेइम ललितपुर चर्चमा २ जना बालबालिकाहरूको बाल अर्पण भयो ।



नयाँ बस्ती बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्री दिल बहादुर शाही ५९ वर्षको उमेरमा आश्विन २९ गते/अक्टोबर १५ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



थली बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्रीमती दिना सिंह ५६ वर्षको उमेरमा कार्तिक ५ गते/अक्टोबर २२ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १९ 5<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>एफिसी ४:१७-३२ | २६ 12<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७१-७२ | ३ 19<br>नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डली तथा संगतिहरूको सेवक/सेविका, मण्डली र सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:३-७, ११ | १० 26<br>सबै ख्रीष्टिय संघ संस्थाहरूमा सेवकाई गर्नुहुने सेवक/सेविका-हरूको लागि आशिष् मागिदिऔं ।<br>२ तिमोथी ४:५ |
| **सोमबार**<br>Monday | २० 6<br>विश्वासीहरूको जीवनमा प्रार्थना साथै पारिवारिक वेदी नसेलाएको होस् ।<br>लेवी ६:१२-१३, रोमी १२:१२ | २७ 13<br>अधुरा परिवारकाहरूले पनि येशू प्रभुलाई विश्वास गर्न सकून् साथै प्रभुबाट टाढा भएकाहरू पनि सबै प्रभुमा फर्कि आउन सकून् ।<br>यशैया ५१:१-६, ११ | ४ 20<br>परमप्रभु परमेश्वरलाई सधैं आदर, प्रशंसा, प्रेम गर्दै सबै कुराको निम्ति महिमा दिइरहन सकौं ।<br>भजनसंग्रह ८९::१४-१७ | ११ 27<br>बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बोझ दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>भजनसंग्रह ७८:१-८, २ तिमोथी ३:१४-१५ |
| **मंगलबार**<br>Tuesday | २१ 7<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | २८ 14<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>२ कोरिन्थी ३::१८, २ तिमोथी ३:१४-१७ | ५ 21<br>विभिन्न देशहरूमा काम, पढाइ, तथा अन्य कारणले जानुभएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १२ 28<br>स्कूल, क्याम्पस, उच्च शिक्षा साथै विभिन्न तालिम लिइराख्नु-भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, याकूब १:१७ |
| **बुधबार**<br>Wednesday | २२ 8<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभुको आदर गर्नेहरू हुन सकौं ।<br>भजनसंग्रह ९१:१ र ९ | २९ 15<br>परिवारका छोराछोरीहरू आफ्ना बाबु-आमालाई आदर र प्रेम गर्ने हुन सकून् ।<br>हितोपदेश २३:२२-२५, एफिसी ६:१ | ६ 22<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनपरेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ११८:५-१६ | १३ 29<br>परिवारका आमा बाहरूले आफ्ना छोराछोरीहरूलाई प्रभुको प्रेम र शिक्षामा साथै उदाहरण भएर हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-१२, एफिसी ६:४ |
| **बिहीबार**<br>Thursday | २३ 9<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>यूहन्ना ४:२३-२४ | ३० 16<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मत्ती ५:१६, १९::४-६ | ७ 23<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२, १४७:३ | १४ 30<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाइ, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:८-९ |
| **शुक्रबार**<br>Friday | २४ 10<br>वचनको सेवकाइ गर्नुहुने, आराधना अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी २:१२-१३, मत्ती ७:२४-२७ | १ मंसीर 17<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह २६:८; १२२:१-४ | ८ 24<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२१, २३-२४ | १५ December 1<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ |
| **शनिबार**<br>Saturday | २५ 11<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाई, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-१३ | २ 18<br>परमेश्वरले हामीप्रति गर्नुभएका महान् प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>भजनसंग्रह १०५::१-१५ | ९ 25<br>सेवा संगतिको महत्व बुझी आफै पनि साथै अरूलाई पनि सेवा संगतिमा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>हिब्रू १०:२४-२५ | १६ 2<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>रोमी १२:६-८ |

**किनकि परमेश्वरको नजर धर्मात्माहरूमाथि रहन्छ, र उहाँको कान तिनीहरूका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छन् ।**

**१ पत्रुस ३:१२**